**नेपाली** / ***NEPALI***

**लागि:** विद्यार्थी, संकाय र कर्मचारीहरू
**बाट:** Robert Cramer, अर्थ तथा प्रशासनका उपकुलपति
**विषय:** जुलाई २७ तारिखको क्याम्पस भवनहरूलाई शीतल बनाउने समस्याहरूका बारेमा अपडेट

*विद्यार्थीहरू शरद सेमेस्टरमा फर्कनु अघि भवन खुल्ने तर्फ प्रगति जारी*

आदरणीय क्याम्पस समुदाय,

हामीले क्याम्पसमा भवनहरूलाई शीतल बनाउने चिसो पानी लग्ने पाइप बनाउन प्रगति गरिरहेका छौं र यस हप्ताको उच्च तापक्रमको अवस्थामा तपाईंको धैर्यता र समझदारी प्रति आभारी छौं। काम सकेसम्म चाँडो अगाडि बढ्दैछ। अघिल्लो हप्ताको निगरानीमा, समस्या समाधान गर्न काम गरिरहेका इन्जिनियरहरूले चिसो पानी लग्ने पाइपको फेर्न आवश्यक थप खण्ड पहिचान गरे। थप पाइप फेर्ने काम यस हप्ता शुरू हुँदैछ अनि हामीले अझै पनि शरद सेमेस्टरका लागि विद्यार्थीहरू फर्कनु अघि परिसरहरू तयार हुने अपेक्षा राखेका छौं।

भवनहरू खुल्ने समयको बारेमा हामीले थप खबर पाउने छौं। यसै बीच:

- कृपया ध्यान दिनुहोला कि अस्थायी रूपमा बन्द गरिएका भवनहरूलाई मर्मत सम्भार पूरा नभएसम्म बन्द रहने छन्।
- यदि यस बेलामा तपाईंको काम वा काम गर्ने ठाउँ बदलिएको छ भने, आफ्नो कामको भवनमा फर्कनु अघि थप निर्देशनहरू पर्खनुहोला।
- यदि तपाईंले बन्द गरिएका भवन वा क्षेत्रमा मर्मत गर्नुपर्ने वा कस्टोडियलको आवश्यकता पत्ता लगाउनुभयो भने, कृपया आफ्नो भवनका म्यानेजरसँग मिलेर काम गर्नुहोला। आपत्कालीन अवस्थामा कृपया *FP&M Physical Plant* ग्राहक सेवालाई 608-263-3333 मार्फत सम्पर्क गर्नुहोला।

यस चुनौतीलाई सँगै सामना गर्ने क्रममा तपाईंको समझदारी र लचिलोपनको लागि फेरि पनि धन्यवाद। नियमित अपडेटहरू हामी क्याम्पस भवनहरूलाई शीतल बनाउने समस्याहरूका वेबसाईट मार्फत प्रदान गर्न हामी जारी राख्नेछौं।

यदि तपाईंसँग सम्बोधन नभएका प्रश्नहरू छन् वा विशेष अवस्थाका लागि सहायताको आवश्यकता छ भने, कृपया ChilledWaterConcerns@wisc.edu मा ईमेल पठाउनुहोला।

Robert Cramer
अर्थ तथा प्रशासनका उपकुलपति